# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५


## बसपार्क पूर्वाधार शुल्क उठाउने सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सुचना

(प्रथमपटक प्रकाशित मिति २०७६।०८।१५)

नेपालको संविधान २०७२ को अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२ (२) एवं तुलसीपुर उप महानगरपालिकाको चौथौ नगरसभाको निर्णय तथा यस उप महानगरपालिकाको मिति २०७६।०३।२३ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार बसपार्क पूर्वाधार शुल्क संकलन प्रयोजनार्थ तपसिल अनुसारको ठेक्का आव्हान गरिएको छ । मूल्य अभिबृद्धी करमा दर्ता भएका इच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी प्रत्येक ठेक्का आईटममा बढाबढका आधारमा प्रतिस्पर्धा हुने गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट तोकिए बमोजिमको दस्तुर तिरी (फिर्ता नहुने गरी) दर्ता प्रमाणपत्र सहित बोलपत्र फाराम खरिद गरी ३१ औं दिनको १२.०० बजे भित्र रितपूर्वकको शिलवन्दी बोलपत्र पेश गर्न सूचित गरिन्छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र माथि कुनै कारवाही गरिने छैन । साथै E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहने ईच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.बैंक तुलसीपुर दाङ स्थित ४१६०३०४०१८१०१ खातामा जम्मा गरी बोलपत्र पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

| क. सं. | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक) | ठेक्का दिईने समयावधि | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ५२ वटा सटर कोठा | रा.०३/०७६/०७७ | ५६,१६,०००।- | ५ वर्षको लागि | ३,०००।- |
| २ | सार्वजनिक शौचालय | रा.०४/०७६/०७७ | ७,००,०००।- | ५ वर्षको लागि | १,०००।- |
| ३ | टर्मिनल भवन | रा.०५/०७६/०७७ | २१,६०,०००।- | ५ वर्षको लागि | ३,०००।- |
| ४ | पार्किङ्ग लामो समय | रा.०६/०७६/०७७ | २०,००,०००।- | ५ वर्षको लागि | ३,०००।- |
| | पार्किङ्ग छोटो समय | | १,६२,७०,०००।- | | |
| | प्रवेश तथा निकाश शुल्क | | १८०,००,०००।- | | |
| ५ | सरसफाई पार्क (गाडि धुलाई) व्यवस्थापन | रा.७/०७६/०७७ | ५,००,०००।- | ५ वर्षको लागि | १,०००।- |
| ६ | होर्डिङ्ग बोर्ड सहित सार्वजनिक सुचना | रा.८/०७६/०७७ | १२,००,०००।- | ५ वर्षको लागि | १,०००।- |
| ७ | पेट्रोल पम्पका लागि जग्गा | रा.९/०७६/०७७ | ८,४०,०००।- | २० वर्षको लागि | १,०००।- |

| क्र.सं. | बसपार्क पुर्वाधार शुल्क | दरहरु |
|---|---|---|
| १ | सटर पुर्व आगाडि | १०,०००।०० |
| २ | सटर पश्चिम पछाडि | ८,०००।०० |
| ३ | पिसाब गरेको | ५।०० |
| ४ | शौच गरेको | १०।०० |
| ५ | स्नान गरेको | २५।०० |
| ६ | टर्मिनल भवन टिकट घर | १०,०००।०० |
| ७ | टर्मिनल भवन २ वटा टिकट घर | १५,०००।०० |
| ८ | टर्मिनल भवन चमेना गृह | ८०,०००।०० |

आनन्द साह
प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३, ५२०३२६, ५२२०३६
दमकल : ५२०३०५


| क्र.सं. | बसपार्क पुर्वाधार शुल्क | दरहरु |
|---|---|---|
| ९ | पार्किङ्ग शुल्क लामो समय रात्री समेत | |
| | दैनिक | १००।०० |
| | मासिक (७ दिन देखी ३० दिनसम्म) एकमुष्ट | १,५००।०० |
| १० | पार्किङ्ग शुल्क छोटो समय प्रति दुई घन्टा | |
| | मोटर साइकल | १०।०० |
| | अन्य सवारी साधन | १५।०० |
| ११ | प्रवेश तथा निकास | |
| | दाङ जिल्ला भित्र चल्ने सवारी साधन | १००।०० |
| | प्रदेश भित्र चल्ने सवारी साधन | १५०।०० |
| | मध्यम दुरीमा चल्ने सवारी साधन | २५०।०० |
| | लामो दुरीमा चल्ने सवारी साधन | ३५०।०० |
| | अन्तरदेशयि चल्ने सवारी साधन | ५००।०० |
| १२ | गाडि धुलाई क्षेत्र जग्गा भाडा प्रति एक स्थान | २०,०००।०० |

शर्त तथा बन्देजहरु :

१. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी आफुले कबोल गरेको अंकको ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस उप महानगरपालिका तुलसीपुर, दाङ स्थित नं. ग-३/४१६०३०३००७१०१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको बिडबण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

२. शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ । बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

३. बोलपत्रमा आफूले कबोल गरेको अंक र अक्षरमा प्रष्टसंग लेखी सही छाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

४. बोलपत्र पेश गर्दा खामको दायाँ साइडमा यस कार्यालयको नाम र बायाँ साइडमा बोलपत्र दाताको नाम, ठेगाना र ये विषयको बोलपत्र भनी लेखिएको हुनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको तथा नविकरणको सूचना पाएको मितिले ७ दिनभित्र कबोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कबोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर बापतको रकम र १.५% ले हुं अग्रिम आयकर बापतको रकम आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका बखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै बाँकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता बापतको रकम प्रत्येक वर्षको पुष मसान्त भि तथा २०% ले हुन आउने तेश्रो किस्ता बापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । सम्झौत गर्दा उक्त दोश्रो र तेश्रो किस्ता रकम बराबरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र य कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम

आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३
५२०३२६
५२२०३६
दमकल : ५२०३०५


१०% का दरले जरिवाना वापतको हर्जाना रकम समेत असुल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हक दावी गर्न पाउने छैन ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

७. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्बन्धी कुरामा विवाद पर्न आएमा तुलसीपुर उप-महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारले कुनै हक दावी गर्न पाउने छैन ।

८. ठेक्का नं. ३/०७६/०७७ र ठेक्का नं. ५/०७६/०७७ मा कबोल गरिएको अंकको २०% भन्दा बढि रकम भाडामा लगाउन वा भाडादर कायम गर्न पाईने छैन ।

९. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्का नं.३–८ को हकमा ५ (पांच) वर्ष र ठेक्का नं.९ को हकमा २० वर्ष ठेक्का अवधि कायम गरिएको भएता पनि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ (सात) दिन भित्र (श्रावण ७ गते) भित्र ठेक्काको नविकरण गराई सक्नु पर्नेछ ।

१०. कुनै पनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय बाध्य हुने छैन ।

११. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१२. दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

१३. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन ।

१४. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

१५. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

१६. पेट्रोलपम्प लगायतका अन्य कुनै ठेक्कामा संघीय तथा प्रदेश सरकारसंग वा प्रचलित कानून वमोजिम अनुमति लिनु पर्ने भएमा अनुमति लिएर मात्र कार्य संचालन गर्ने दायित्व ठेकेदार स्वयंको हुनेछ ।

१७. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१८ फरक फरक ठेकेदारहरुले आपसमा समन्वय सहकार्य गरी एक अर्कालाई सहयोग पुग्ने गरी रकम संकलनको कार्य गर्नु पर्नेछ ।

१९. विद्युत सेवा, खानेपानी सेवा, सरसफाईको जिम्मा प्रयोग भएको अवस्था हेरी प्रत्येकले आ-आफ्नो दायित्व निर्वाह गर्नु पर्नेछ ।

२०. ठेक्का लागेको क्षेत्रमा कानुनद्वारा निषेधित वस्तु तथा सेवाको काम कारवाही, कारोबार, भण्डारण, ओसार पसार तथा आवासकको रुपमा प्रयोग गर्न पाईने छैन ।

२१. ठेक्का अवधिभर बसपार्कको सम्पुर्ण क्षेत्रमा पक्की संरचनाको निर्माण गर्न पाईनेछैन । तर अति आवश्यक निर्माण कार्य गर्नु परेमा यस उप महानगरपालिकाको स्वीकृत लिई लियर मात्र सम्वन्धित ठेकेदारको लगानीमा गर्न सकिनेछ ।

२२. ठेक्कामा लिएको संरचनाको सामान्य मर्मत, सम्भार, रंगरोगन तथा सरसफाई ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

२३. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व व्यवस्थापन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

२४. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत